नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# क्षीरेश्वरनाथ नगरपालिका कार्यालय

महेन्द्रनगर, धनुषा

## आ.व.२०७२/०७३ को लक्षित कार्यक्रम संचालन गर्न सेवा प्रदायक संस्थाबाट प्रस्ताव आव्हानको ७ (सात) दिने सूचना

**प्रथम पटक प्रकाशित मिति २०७३/०१/२२**

क्षीरेश्वरनाथ नगरपालिकाको चालु आ.व.२०७२/०७३ को स्वीकृत लक्षित समूह/वर्ग अन्तर्गतको तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्न स्थानीय सेवाप्रदायक संस्थाहरुबाट प्रस्ताव आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ (आठौं) दिन दिनको १२:०० बजेभित्र निम्न शर्तहरुको अधिनमा रहि प्रत्येक कार्यक्रमहरुको छुट्टाछुट्टै रु. ३००/- (अक्षरेपी तीन सय) को नगदी रसिद साथ रितपूर्वक शिलबन्दी प्रस्ताव पेश गर्न हुन सम्बन्धित स्थानीय सेवा प्रदायक संस्थाहरुलाई आव्हान गरिन्छ ।

**तपसिल**

| सि. नं. | कार्यक्रमको नाम | लक्षित समूह | विनियोजित बजेट (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | व्यूटिसियन एड्भान्स तालिम | महिला | १,५०,०००।- | ४५ दिन, १५ जना |
| २ | मिथिला आर्ट | महिला | १,००,०००।- | १ महिना ,२५ जना |
| ३ | मुढा बनाउने | महिला | १,००,०००।- | १० दिन, २५ जना |
| ४ | मैनवत्ति वनाउने | महिला | ७५,०००।- | ७ दिन ,२५ जना |
| ५ | अगरवत्ति वनाउने | महिला | ७५,०००।- | ७ दिन, २५ जना |
| ६ | चुडी लहठी वनाउने | महिला | १,००,०००।- | १५ दिन ,२८ जना |
| | क्षमता अभिवृद्धि तालिम | | | |
| ७ | महिला हिंसा/ घरेलु हिंसा सम्बन्धित अभिमुखिकरण | महिला | ७५,०००।- | २ दिन, ३५ जना |
| ८ | महिला अधिकार र नेपालको संविधान २०७२ सम्बन्धित अभिमुखिकरण | महिला | ७७,६१७।- | २ दिन ,३५ जना |
| | महिला सशक्तिकरणको लागि जनचेतनामूलक कार्यक्रम | | | |
| ९ | महिलाहरुको लागि प्रजनन् स्वास्थ्य सम्बन्धि अन्तरक्रिया तथा अभिमुखिकरण | महिला | १,००,०००।- | २ दिन, ४५ जना |
| १० | सुरक्षित आप्रवासन सम्बन्धि अन्तरक्रिया तथा अभिमुखिकरण | महिला | १,००,०००।- | ३ दिन, ३० जना |
| | वालवालिका अतिरिक्त क्रियाकलाप | | | |
| ११ | अन्तर विद्यालय खेलकुद प्रतियोगिता | बालबालिका | ८५,०००।- | १ दिन ,नगरस्तरीय |
| १२ | अन्तर विद्यालय हाजिरी जवाफ प्रतियोगिता | बालबालिका | ४५,०००।- | १ दिन ,नगरस्तरीय |
| १३ | अन्तर विद्यालय हाजिरी वक्तृत्वकला | बालबालिका | ४५,०००।- | १ दिन ,नगरस्तरीय |
| १४ | वालकलब स्तरिय हाजिरी जवाफ | बालबालिका | ७५,०००।- | १ दिन ,नगरस्तरीय |
| | किशोर किशोरी स्वास्थ्य शिक्षा सम्बन्धित कार्यक्रम | | | |
| १५ | वालवालिकाहरुका लागि किशोरकिशोरी शिक्षा सम्बन्धि कार्यक्रम | बालबालिका | १,००,०००।- | ३ दिन ३० जना |

**शर्तहरु :-**

- संस्थादर्ताको प्रमाणपत्र, आ.व.२०७२/०७३ सम्मको नवीकरण, कर चुक्ता प्रमाणपत्र (आ.व.२०७१/०७२ सम्म), PAN/VAT मा दर्ता भएको प्रमाणपत्र, आ.व.२०७२/०७३ सम्मको लेखा परिक्षण प्रतिवेदन, समाज कल्याण परिषद् आबद्धताको प्रमाणपत्र (गै.स.स.को हकमा) समेतको कागजातहरुको नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रतिलिपी ।
- १ सेवाप्रदायक संस्थाले एकमात्र कार्यक्रम संचालन गर्न पाउने छ ।
- लक्षितवर्ग/समूह विशेषसँग सम्बन्धित कार्य क्षेत्र भई कार्य गरेको सेवा प्रदायकलाई सो क्षेत्रकालागि विशेष प्राथमिकता दिइने छ ।
- प्रस्तावित कार्यक्रमको कार्ययोजना सहित पेश गर्नुपर्ने छ ।
- बोल कबोल अंक घटाघटको आधारमा समेत संस्था छनौटको मूल्याङ्कन हुनेछ ।
- सेवा प्रदायकहरुले आवेदनमा कुन लक्षित समूहको कुनकार्यक्रमको लागि प्रस्ताव पेश गरेको हो प्रष्ट रुपमा खुलाउनुपर्ने छ । लक्षित समूहको सेवा प्रदायकहरुबाट दरखास्त दर्ता नभएमा दर्ता हुन आएका अन्य प्रस्तावकहरुबाट प्रतिस्पर्धाका आधारमा संस्थाछनौट गरिने छ ।
- सेवाप्रदायक संस्थाहरुले प्रथम पटक प्रकाशित मितिको आठौ दिन २०७३ वैशाख २९गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा प्रस्ताव दर्ता गराउनुपर्ने छ ।
- दर्ता भएका प्रस्तावहरु सोहीदिनको १:०० बजे यस कार्यालयमा सरकारी प्रतिनिधि तथा सम्बन्धित प्रतिनिधिहरुको रोहवरमा प्रस्तावहरु खोलिनेछ । संस्थाको प्रतिनिधिको उपस्थिति नभएमा पनि प्रस्तावखोल्न कुनै बाधा पुग्ने छैन ।
- शिलबन्दी बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।
- प्रस्तावदाताले माथि उल्लेखित प्रत्येक कार्यक्रमको लागि छुट्टाछुट्टै यस कार्यालयबाट रु ३०० (तीन सय) को नगदी रसिद कटाई प्रस्ताव साथ संलग्न गरि पेश गर्नुपर्ने छ ।
- प्रस्तावदाताको प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।
- यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित ऐन कानुनले व्यवस्था गरेबमोजिम हुनेछ ।
- थप जानकारीको लागि यस कार्यालयको सामाजिक विकास शाखामा सम्पर्क गर्न सकिनेछ । सूचनाको लागि यस कार्यालयको website: http://www.chhireshwornathmun.gov.np मार्फत जानकारी प्राप्त गर्न सकिनेछ ।